# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD






राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 20 No 12 Monthly International Edition of Herald of His Coming December 2019

वर्ष २०, अङ्क १२ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (पुस, २०७६)


# सांसारिक बाइबल

## The World's Bible

Vol 78. No. 4 (928)

**By J. Horold Smith (1910-2001)**

ख्रीष्टियनहरु संसारको बाइबल हुन्। हाम्रो जीवन जब मानिसले थप्दछन्, यसलाई खुल्ला बाइबलको अनुभव गर्दछन्, ठूलाठूला विज्ञले पनि आज हाम्रो जीवनलाई पाँचौं सुसमाचारको पुस्तक भन्दै अंकित गरेका छन्। हाम्रा वरिपरि सुसमाचारको पुस्तक भन्दै अंकित गरेका छन्। हाम्रा वरिपरिका मानिसहरु जब हाम्रो जीवन पढ्दछन् त्यहाँ बाइबलको सत्य कुरा भेटायो भने उनीहरुले पनि विश्वास गर्न सक्दछन्। साँच्चै परमेश्वरको सत्यता त्यहाँ उनीहरुले भेटाउँदछन्। पावलले दोस्रो कोरिन्थीको पुस्तकमा यसरी भन्दछन्- "तिमीहरु नै हाम्रा सिफारिस पत्र हौं, जो सबै मानिसहरुले भिन्न र पढ्न सक्ने गरी तिमीहरुका हृदयमा लेखिएको छ। तिमीहरुले नै देखाउँदछौ कि तिमीहरु ख्रीष्टका पत्र हौ, अर्थात् हाम्रो सेवाको फल, जुन पत्र मसीले होइन तर जीवित परमेश्वरको आत्माले लेखिएको हो ढुङ्गाका पाटीमा होइन तर मासुका हृदय-पाटीमा।" (२ कोरिन्थी ३ : २ - ३)

पवलको भनाइअनुसार जुन मानिसले ख्रीष्टलाई हृदयदेखि विश्वास गर्छ त्यसको जीवन साँच्चै नै परिवर्तन भएको हुन्छ। जब अरु मानिसले उसको जीवनलाई पढ्छन् उसको जीवनमा तिनीहरुले ख्रीष्ट देख्छन्। यो कटुसत्य हो भने ख्रीष्टलाई हृदयदेखि विश्वास गर्ने व्यक्तिको जीवनमा पवित्र आत्माका फलहरु देख पर्न थाल्दछन्। र, उसको जीवनमा अचम्मका काम भइरहेको हुन्छ त्यो देखेर थुप्रै मानिसहरुले सकारात्मक जीवन देख्दछन्।

जसले बौरी उठाइको जीवनलाई थाहा गर्दछन्। त्यसैले प्रेरितहरुले जस्तै काम गर्दछन्। त्यो व्यक्ति संसार देख्ने प्रकारको हुन्छ। उसका पापमय स्वभावहरु त्यागेर ख्रीष्टको प्रेमलाई अँगाल्दै पवित्र आत्माको शक्तिमा बाँचिरहेको हुन्छ। उसले कहिल्यै अरुको अनिष्ट काम गर्दैन उदाहरणको लागि पावलले थुप्रै मानिसलाई दुःख दिइएका थिए। जब उनको जीवन परिवर्तन भयो, उनको जीवनमा सबै मानिसले ख्रीष्टलाई देखे। नम्र र पवित्र जीवनले बाइबल प्रचार गरिएको हुन्छ। यसलाई हामी शरीरका बाइबल भनेर भन्न सक्छौं जसलाई किताब पढ्नु पर्दैन अर्काको जीवन पढेर विश्वास गर्छन् तिनीहरु अझै परमेश्वरको नजिकमा रहेका हुन्छन्। तिमीहरुले सबै मानिससँग खाना खान्छन्, एकलाई परेको दुःख अर्कोसँग बाँडिरहेका हुन्छन्। यदि कसैले परमेश्वरको विरुद्धमा काम गऱ्यौ भने पनि ती मानिसहरुले पत्ता लगाइहाल्छन्। पवल र पत्रुसले थुप्रै किताबहरु लेखे, यो उनीहरुले सांसारिक ज्ञान र वृद्धिले होइन तर पवित्र आत्माको शक्तिद्वारा लेखेका थिए। हामीले यो पनि थाहा पाउन सक्छौ कि पत्रुसले प्रचार गर्दा थुप्रै मानिस प्रभावित भएका थिए। "जब तिनीहरुले पत्रुस र यूहनाको साहस देखेर यिनीहरु आशिक्षित र साधारण मानिस रहेछन् भनेर थाहा पाए तब तिनीहरु र साधारण मानिस रहछन् भनेर थाहा पाए, तब छक्क परे। यिनीहरु

# प्रभुको बौरी उठाइको प्रमाण

## (Our Lord's Resurrection the Proof)

Vol 78 No 3(927)

१. **खाली चिहान**

"तर भित्र पस्दा तिनीहरूले प्रभु येशूको शरीर पाएनन् । तर पत्रुस उठेर चिहानमा दौडेर गए, र निहुरेर हेर्दा सूती कपडाका पट्टीहरू मात्र देखे । त्यो घटना देखेर अचम्म मानी उनी गइहाले ।" (लूका २४ : ३, १२) "ती दुवै सँगसँगै दगुरे, तर अर्को चेला पत्रुसलाई उछिनेर चिहान अगाडि आइपुग्यो । चिहानभित्र निहुरेर हेर्दा, तिनले अघि बेह्रेका सूती कपडाहरू मात्र पडिरहेका देखे तर तिनी भित्र पसेनन् । सिमोन पत्रुस त्यसको पछिपछि आए, र चिहानभित्र पसे, अनि तिनले पनि मलमलका बेर्ने कपडाहरू मात्र त्यसै पडिरहेका देखे । उहाँको शिरमा बाँधिएको रुमालचाहिँ मलमलका कपडाहरूसँग थिएन, तर अलग्गै एक ठाउँमा पट्याएर राखिएको थियो । तब चिहानमा पहिले आइपुग्ने अर्को चेला पनि भित्र पसे र त्यो देखेर तिनले विश्वास गरे । किनभने तिमीहरूले उहाँ मृतकबाट जीवित भई उठ्नुपर्छ भन्ने धर्मशास्त्रको वचन अहिलेसम्म बुझेका थिएनन् ।" (यूहन्ना २०: ४ - ९)

२. **सर्वदूतको गवाही -**

"ठूलो भूकम्प गयो, किनकि परमप्रभुका एउटा दूत स्वर्गबाट तल ओर्ले र आएर ढुङ्गो हटाएर त्यसमाथि बसे । तिनको रूप बिजुलीजस्तो र पोशाक हिउजस्तो सेतो थियो । तिनको डरले ती पहरादारहरू थरथर काँपे र मरेतुल्य भए । तर स्वर्गदूतले ती स्त्रीहरूलाई भने तिमीहरू नडराओ, किनभने मलाई थाहा छ तिमीहरू क्रूसमा टाँगिनुभएको येशूलाई खोज्दैछौ । उहाँ यहाँ हुनुहुन्न, किनकि उहाँले भन्नु भएबमोजिम उहाँ जीवित भई उठ्नुभएको छ । आओ, उहाँलाई राखिएको ठाउँ हेर । तब चाँडो गएर उहाँका चेलाहरूलाई खबर देओ कि उहाँ मृतकबाट जीवित भई उठ्नुभएको छ र उहाँ तिमीहरूभन्दा अगाडि गालीलमा जादैहुनुहुन्छ । तिमीहरूले उहाँलाई त्यहाँ देख्नेछौ । हेर, मैले तिमीहरूलाई भदिदिएको छु ।" (मत्ती २८ : २ - ७)

३. **येशूको र मरियम मग्दलिनीसँग भेट**

"तर मरियम चिहान बाहिर जाँदै उभिरहेकी थिइन् । तिनले रुँदै चिहानतिर निहुरेर हेरिन्, र जहाँ येशूको मृत शरीर राखिएको थियो, त्यहाँ सेता वस्त्र लाएका दुई स्वर्गदूतहरूलाई एक जना शिरतिर र अर्का पाउतिर बसिरहेका तिनले देखिन् । उनीहरूले तिनलाई भने, नारी किन रुन्छयौ ? तिनले उनीहरूलाई भनिन्, तिनीहरूले मेरो प्रभुलाई लगेछन् र उहाँलाई कहाँ राखेका छन् म जान्दिन । यी कुरा भनेर तिनी पछिल्तिर फर्किन् र तिनले येशूलाई उभिरहनू भएको देखिन् तर येशू नै हुनुहुन्छ भनी चिनिनन् । येशूले तिनलाई भन्नुभयो- नारी तिमी किन रुँदैछ्यौ ? कसलाई खोज्छयौ ? तिनले उहाँलाई माली भन्ठानेर भनिन् हजूर तपाईंले उहाँलाई यहाँबाट लैजानु भएको भए कहाँ राख्नुभएको छ मलाई भन्नुहोस् र म उहाँलाई लैजानेछु । येशूले तिनलाई भन्नुभयो, मरियम ! तिनले फर्केर उहाँलाई हिब्रूमा भनिन्, रब्बोनी अर्थात् हे गुरुज्यू ! येशूले भन्नुभयो, मलाई नछोऊ, किनभने म अहिलेसम्म पिताकहा गएको छैन । तर मेरा भाइहरूकहाँ गएर तिनीहरूलाई भनिदेऊ मेरा पिता र तिमीहरूका पिता र मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ गइरहेछु । मरियम मग्दलिनी गइन् र चेलाहरूलाई सुनाइन् मैले प्रभुलाई देखे । अनि उहाँले भन्नुभएका कुरा तिमीहरूलाई तिनले भनिदिइन् ।" (यूहन्ना २० : ११ - १८)

४. **येशू र स्त्रीहरूको भेट**

"अकस्मात् येशूले तिनीहरूलाई भेटेर

येशूको साथमा रहन्थे भन्ने तिनीहरुले थाहा पाए ।" (प्रेरित ४ : १३)

मानिसको आँखाले हेर्दा प्रेरितहरु साधारण भए पनि उनीहरुको साथमा खीष्ट येशू भएको कारण अचम्मको काम भइरहेको थियो । त्यसकारण र जब पत्रुस बोले, तीन हजार जना मानिसले विश्वास गरे, बप्तिस्मा लिए । त्यो एउटा मानिसको जीवनमा पढ्न सक्ने बाइबल हो । धर्मशास्त्र बाइबल पढ्नलाई मानिसहरुलाई धेरै नै कठिन लाग्छ तर खीष्टत्वको जीवन पढ्नलाई अति नै सजिलो हुन्छ । त्यसकारण हामी कहाँ छौ विचार गरौं । हाम्रो जीवनले मानिसलाई कस्तो सन्देश दिएका छौं याद राखै । के आज हाम्रो जीवन अरुले पढ्न सक्ने बाइबल बनेको छ ? के तपाईंको जीवन पवित्र बाइबल हो ? के तपाईं भन्न सक्नुहुन्छ कि मेरो जीवनबाट थुप्रै मानिसले खीष्टलाई भेट्न सके ? के तपाईंको जीवनले आज धेरै मानिसहरुलाई उद्धार दिन सकेको छ ? आज तपाईं त्यो ठाउँमा हुनुहुन्छ, विचार गर्नु तपाईंको जीवन त्यस्तो छैन भने आजदेखि नै परमेश्वरसँग शक्ति माग्नुहोस् । र, समाजमा आफ्नो परिचय दिनुहोस् । संसारले तपाईंको जीवनलाई बाइबल जस्तो पढ्न सकोस् ।

भन्नुभयो, शान्ति ! तिनीहरू नजिक आएर उहाँका पाउ पक्रेर उहाँलाई दण्डवत गरे ।" (मत्ती २८ : ९)

**५. पत्रुस र येशूको भेट**

"र तिनीहरूलाई यसो भने, प्रभु साँच्चै नै जीवित भई उठ्नुभएछ र सिमोनकहाँ देखा पर्नुभएको हो रहेछ ।" ( लूका २४ : ३४) ।

**६. येशू र दुई चेलाहरूको भेट**

"त्यही दिन उहाँका चेलाहरूमध्ये दुई जना यरुशलेमबाट प्रायः एघार किलोमिटर टाढाको इम्माउस नाउँको एउटा गाउँतिर गइरहेका थिए । घटेका सबै घटनाहरूबाटबारे तिनीहरू आपसमा बातचित गर्दैथिए । तिनीहरू आपसमा बातचित गर्दै र बहस गरिरहेको बेला येशू र आफै नजिक आएर तिनीहरूका सनथ लाग्नुभयो, तर तिनीहरूका आँखा उहाँलाई चिन्न नसक्ने तुल्याइएका थिए । उहाँले तिनीहरूलाई सोध्नु भयो- तिमीहरू हिँड्दै आपसमा के बहस गरिरहेका छौ ? तिनीहरू उदास भएर टक्क अडिए । ती दुईमध्ये क्लेओपासले उहाँलाई जवाफ दिए, यरुशलेम घुमफिर गरी आउने भएर पनि हिजोआज, त्यहाँ के घटिरहेछ तपाईंलाई थाहा छैन ? उहाँले तिनीहरूलाई सोध्नुभयो, कुन कुरा ? तिनीहरूले जवाफ दिए, येशू नासरीको बारेमा उहाँ एक जना अगमवक्ता हुनुहुन्थ्यो । र, परमेश्वर र सबै मानिसहरूका सामुन्ने काम र वचनमा शक्तिशाली हुनुहुन्थ्यो । तर मुख्य पूजाहारीहरू र हाम्रा शासकहरूले उहाँलाई मृत्युदण्डको निम्ति सुम्पिदिए र उहाँलाई क्रूसमा टाँगे । इस्राएलको उद्धार गर्ने उहाँ नै हुनुहुन्छ भन्ने हामीले चाहिँ आशा गरेका थियौं । यी सब कुरा छोडेर यो घटना घटेको आज तेस्रो दिन हो । यसबाहेक हामीमध्येका कोही-कोही स्त्रीहरूले हामीलाई चकित बनाएका छन् । तिनीहरू आज बिहान सखारै चिहानमा गए र येशूको शरीर भेट्टाएनन् । तिनीहरूले आएर हामीहरूलाई सुनाए, हामीले स्वर्गदूतहरूलाई देख्यौं,जसले येशू जीवित हुनुहुन्छ भने । हामीहरूमध्येका कोही-कोही चिहानमा गए र ती स्त्रीहरूले जे भनेका थिए, त्यस्तै भेट्टाए तर उहाँलाई चाहिँ देखेनन् । उहाँले तिनीहरूलाई भन्नुभयो र अबुझ मानिस हो, तिमीहरूका हृदय यति सुस्त भएको छ, कि अगमवक्ताहरूले भनेका कुराहरू विश्वास गर्दैनौ ! के गर्नु आवश्यक थिएन र ? तबम मोशा र सबै अगमवक्ताहरूबाट लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनुभयो । उहाँ अझै पर जान चाहने जस्तो गर्नुभयो । तर तिनीहरूले उहाँलाई यसो भनेर बोलाए, हामीसँगै बस्नुहोस्, किनकि साँझ पर्न लाग्यो र दिन धेरै ढल्किसकेको छ । अनि उहाँ तिनीहरूसँग बस्नलाई घरभित्र पस्नुभयो । जब येशू तिनीहरूसँग खान बस्नुभयो उहाँले रोबी लिएर आशीर्वाद दिनुभयो र भाँचे र तिनीहरूलाई दिन लाग्नुभयो । तब तिनीहरूका आमँखा खुले र तिनीहरूले उहाँलाई चिने । अनि उहाँचाहिँ तिनीहरूका दृष्टिबाट अल्पिनुभयो । तिनीहरूले अमापसमा भने उहाँ हामीसँग बाटोमा बातचित गर्नुहुँदा र हामीलाई धर्मशास्त्रको अर्थ खोलिदिनु हुँदा के हाम्रो हृदय प्रज्वलित भएको थिएन र ? तिनीहरू त्यति नै बेला उठेर यरुशेममा फर्के र एघार चेला र तिनीहरूसँग जम्मा भएकाहरूलाई भेटे र तिनीहरूलाई यसो भने, प्रभु साँच्चै नै जीवित भई उठ्नुभएछ र सिमोनकहाँ देखा पर्नुभएको हो रहेछ । तिमीहरूले बाटोमा भएका कुराहरू र रोटी भाँच्दाखेरि कसरी तिनीहरूले उहाँलाई चिने सो बनाइदिए ।" (लूका २४ : १३ - ३५)

**७. एघार चेला र येशूको भेट**

"पछिबाट उहाँ एघार चेलाहरूकहाँ तिनीहरू भोजनमा बसेको बेला देखा पर्नुभयो । अनि तिनीहरूको अविश्वास र हृदयमा कठोरताको लागि उहाँले तिनीहरूलाई हप्काउनुभयो किनभने उहाँ मृतकबाट जीवित भई उठ्नुभएपछि उहाँलाई देखनेहरूका कुरा तिनीहरूले विश्वास गरेका थिएनन् ।" (मर्कुस १६ : १४)

**८. थोमाको गवाही**

"येशू आउनुहुँदा बाह्रजनामध्ये एक जना, दिनुमस भन्ने थोमाचाहिँ तिनीहरूसँग थिएनन् । यसकारण अरू चेलाहरूले तिनलाई भने, हामीले प्रभुलाई देख्यौं । तर तिनले उनीहरूलाई भने जबसम्म म उहाँका हातमा किलाहरूका डोब देख्दिन र किलाहरूका डोबमा मेरा औँला हाल्दिन, उहाँको कोखामा मेरो हात हाल्दिनँ, तबसम्म म विश्वास गर्ने छैन । आठ दिनपछि उहाँका चेलाहरू फेरि घरभित्रै थिए । थोमा पनि तिनीहरूसँग थिए । ढोकाहरू बन्द थिए तर येशू भित्र प्रवेश गर्नुभयो र माझमा उभिएर भन्नुभयो तिमीहरूलाई शान्ति ! तब उहाँले थोमालाई भन्नुभयो- तिम्रो औँला यहाँ राख र मेरा हातहरू हेर । तिम्रो हात बढाएर मेरो कोखामा हाल । शङ्का नगर तर विश्वासी होऊ । थोमाले उहाँलाई भने- मेरा प्रभु, मेरा परमेश्वर ! येशूले तिनलाई भन्नुभयो, तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ ? धन्य हुन् तिमीहरू जसले मलाई देखेका छैनन् र पनि विश्वास गर्छन् । येशूले अरू धेरै चिन्हहरू चेलाहरूका सामुन्ने गर्नुभयो जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन् । तर यी लेखिएका छैनन् । तर यी लेखिएका छन् कि तिमीहरूले येशू

परमेश्वरका पुत्र खीष्ट हुनुहुनछ भनी विश्वास गर र विश्वासद्वारा उहाँको नाउँमा तिनीहरूलाई जीवन प्राप्त होस् ।" (यूहन्ना २० : २४ - ३१)

**९. गलिलमा येशू देखापर्नुभएको**

"त्यसपछि चेलाहरूकहाँ तिबेरियास समुद्रको छेउमा येशूले फेरि आफूलाई प्रकट गर्नुभयो । उहाँले आफूलाई यसरी प्रकट गर्नुभयो ।" (यूहन्ना २१ : १)

**१०. याकूब र येशूको भेट**

"त्यसपछि याकूब र सबै प्रेरितहरूकहाँ उहाँ देखापर्नुभयो । (१ कोरिन्थी १५ ७)

**११. पाँचसय भाइहरूकहाँ देखा पर्नुभयो**

"त्यसपछि उहाँ एकै समयमा पाँच सय भन्दा बढी भाइहरूकहाँ एकसाथ देखा पर्नुभयो, जसमध्ये धेरैजसो अहिलसम्म छँदैछन् तर कोही-कोही सुतिसकेका छन् ।" (१ कोरिन्थी १५ : ६)

**१२. येशूको सर्वगरोहण**

"उहाँले यो कुरा भन्नुभएपछि तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो र बादलमा उहाँ तिनीहरूका दृष्टिबाट लोप हुनुभयो । जब तिनीहरूले उहाँ जाँदै गर्नुभएको एकटक आकाशतिर हेरिरहेका थिए, तब अचानक सेतो पोशाक लाएका दुई जना मानिस तिनीहरूका नजिक खडा भए । तिनीहरूले भने, "गालिलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ त्यसरी नै उहाँ फेरि आउनुहुनेछ ।" (प्रेरित १ : ९ - ११)

**१३. पवित्र आत्मा आउनुभएको**

"यिनै येशूलाई परमेश्वरले जीवित पार्नुभयो । यस कुराका हामी सबैले साक्षी छौं । यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहाँ उच्च पारिनुभयो र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो र उहाँले यो खन्याइदिनुभएको हो, जे तपाइँहरू देख्नु र सुन्नुहुन्छ ।" (प्रेरित २ : ३२ - ३३)

**१४. मण्डलीको अस्तित्व**

"उहाँ सबका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरू अब उसको आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचुन्, जो तिनीहरूका खातिर मर्नुभयो र फेरि जीवित पारी उठाइनु भयो । यसरी अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं । हामी खीष्टलाई एक समय मानिसको दृष्टिकोणले हेरेका थियौ तर अब उप्रान्त उहाँलाई त्यसरी हेर्नेछैनौं । यसकारण केही खीष्टमा छ भने त्यो नयाँ सृष्टि हो । पुरानो बितिएको छ, हेर, नयाँ आएको छ ।" (२ कोरिन्थी ५ : १५ - १७) "त्यसकारण यदि तिमीहरू खीष्टसँग जिइउठाइएका छौं भने माथिका कुराहरूको खोजी गर, जहाँ खीष्ट हुनुहुन्छ र परमेश्वरको दाहिने बाहुलिपट्टि बस्नुभएको छ । माथिका कुरामा मन लगाओ । पृथ्वीमा भएका कुरामा होइन । किनभने तिमीहरू मरेका छौ र तिमीहरूको जीवन परमेश्वरमा खीष्टसँग लूकाइएका छ ।" (कलस्सी ३ : १-३) "म खीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइन तर खीष्ट ममा जिउनुहुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो ।" (गलाती २ :२०)

**१७. येशू स्तिफनसकहाँ देखापर्नुभयो**

"तर तिनले चाहिँ पवित्र आत्माले भरिपूर्ण भइकन स्वर्गतिर एकटक लाएर हेरे, र परमेश्वरको महिमा र येशूलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको देखे । तिनले भने हेरे स्वर्ग उघ्रेको म देख्छु र मानिसको पुत्रलाई परमेश्वरको दाहिनेपट्टि उभिहरनुभएको म देख्तछु ।" (प्रेरित ७ : ५५ - ५६)

**२०. येशू पावलकहाँ देखापर्नुभएको**

"सबैभन्दा अन्त्यमा असयमा जन्मेको मानिसकहाँ जस्तो मकहाँ पनि उहाँ देखापर्नुभयो ।" (१ कोरिन्थषि १५ : ८)

**२१. यूहन्नाकहाँ येशू देखापर्नुभएको**

"प्रभुको दिनमा म आत्मामा थिए र तुरहीको जस्तो एउटा चर्को आवाज मेरो पछाडि यसो भनिरहेका मैले सुनें, तिमी जे देख्तछौ, सो एउटा पुस्तकमा लेख र सातैवटा मण्डलीलाई पठाउ अर्थात् एफिसस, स्मर्ना, पर्गामम, थिआटीरा, सोर्डिस, फिलाडेल्फिया र लाउडिकियालाई । मसँग बोल्नेलाई हेर भनेर म पछि फर्के । फर्केर हेर्दा सातवता सुनका सामदान र सामदानहरूका माझमा मानिसको पुत्रजस्तै पाउसम्मै पोशाक लाउनुभएको र छातीमा सुनौला चौडा फित्ता लगाउनुभएको एकजनालाई मैले देखें । उहाँका शिर र केश ऊनजस्तो सेता र हिउँजस्तो सेवा र उहाँका आँखा आगोका ज्वालाजस्तै थिए । उहाँका पाउहरू आगोको भट्टीमा खारेर टल्काएका कासजस्ता थिए र उहाँको सोरचाहिँ उर्लिंदो पानीहरूले आवाजजस्तै थियो । उहाँको दाहिने बाहुलीले सातवटा ताराहरू पक्रिराखेको थियो र उहाँको मुखबाट धारिलो दुईधारे तरबार निस्केको थियो । उहाँको मुहारचाहिँ पूरा तेजमा चम्केको सूर्यजस्तै थियो । जब मैले उहाँलाई देखे, तबम मरेतुल्य भएर उहाँका पाउमा परे तर उहाँले आफ्नो दाहिने बाहुली यसो भनेर ममाथि राख्नुभयो नडराऊ आदि र अन्त्य र जीवित चाहिँ मैले छु । म मरेको

थिएँ । हेर म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका साचाहरु मसित छन् । यसकारण तिमीले जे देख्छौ र जे छ र यसपछि जे छ र यसपछि जे हुन आउनेछ लेख ।" (प्रकाश १ : १० - १९)

"र, जीवितचाहिँ म नै छु । म मरेको थिएँ । हेर, म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका मसित छन् ।" (प्रकाश १: १८) "तब धर्म गुरुहरुमध्ये एकजनाले मलाई भने नरोऊ ! हेर, यहूदाका कुल सिंह, दाऊदको मूल यो मुठ्ठो र यी सातवटा मोहोरहरु खोल्न विजयी हुनुभएको छ । तब मैले एउटा थुमा उभिरहनुभएको देखेँ, जो मारिएको जस्तो देखा पर्नुहुन्थ्यो । उहाँ सिंहासन र चार जीवित प्राणीहरुका बीचमा र धर्मगुरुहरुका माझमा हुनुहुन्थ्यो । उहाँका सातवटा सिङ र सात वटा आँखा थिए, जुन सारा पृथ्वीमा पठाइएका परमेश्वरका सात आत्मा हुन् । उहाँ जानु भयो र सिंहासनमा विराजमान हुनु हुनेको दाहिने बाहुलीबाट त्यो मुठो लिनुभयो । जब उहाँले त्यो मुठो लिनुभयो, तब ती चारै जीवित प्राणी र चौबीसै धर्मगुरुहरु थुमाको सामुन्ने घोप्टो पर । प्रत्येकको हातमा वीणा र धूपले भरिएका सुनका पात्रहरु थिए, जो सन्तहरुका प्रार्थना हुन् । तिनीहरुले यसो भन्दै एउटा नयाँ गीत गाए, तपाईं यो धर्मपत्रको मुठो लिने र त्यसको मोहोरहरु तोड्न योग्यका हुनुहुन्छ । तपाईं मारिनुभयो र आफ्नो रगतद्वारा तपाईंले परमेश्वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरुलाई छुटकारा दिनुभयो र तिनीहरुलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ र तिनीहरुले पृथ्वीमा राज्य गर्नेछन् ।" (प्रकाश ५:५ - १०)

२०. **वचनको गवाही**

"तब चिहानमा पहिले आइपुग्ने अर्को चेला पनि भित्र पसे र त्यो देखेर तिनले विश्वास गरे । किनभने तिनीहरुले उहाँ मृतकबाट जीवित भई उठ्नुपर्छ भन्ने धर्मशास्त्रको वचन अहिलेसम्म बुझेका थिएनन् ।" (यूहन्ना २० : ८- ९) "उहाँले तिनीहरुलाई भन्नुभयो तिमीहरुसँग हुँदा मैले बोलेका वचनहरु यी नै हुन् अर्थात् मोशाको व्यवस्था, र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ । तब धर्मशास्त्र बुझ्नलाई उहाँले तिनीहरुको समझ खोलिदिनु भयो ।" (लूका २४:४४ - ४५) "जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरुबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरुमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो । सबै शासन र अधिकार र शक्ति र राज्यमाथि र यस युगका मात्र होइन तर आउने युगका पनि जति नाउँ छन् ती सबैमाथि उहाँलाई राख्नुभयो र परमेश्वरले सब कुराको शिर बनाइदिन भयो । (एफिसी १ :२० - २२) "उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरुप हुनुहुन्छ र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्माल्नुहुन्छ । पापको शुद्धि गर्नुभएपछि महिमीत परमेश्वरको दाहिने बाहुलीपट्टि उच्चस्थानमा उहाँ विराजमान हुनुभयो ।" (हिब्रू १:३) "तर ख्रीष्टले त पापहरुका निम्त सदाको एउटै बलिदान चढाउनुभयो, अनि उहाँ परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो । र, उहाँका शत्रुहरु उहाँको पाउदान नहोउञ्जेल उहाँ पर्खिरहनु हुन्छ ।" (हिब्रू १० : १२ - १३ )


## हार्दिक शुभकामना

**हाम्रा मुक्तिदाता प्रभु येशू ख्रीष्टको शुभ जन्मोत्सव (ख्रीष्टमस) साथै नव वर्ष २०२० को सुखद अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी तथा नेपालका सम्पूर्ण मण्डली परिवारमा उत्तरोत्तर प्रगति, सुख, शान्ति एवं सुस्वास्थ्यको शुभकामना व्यक्त गर्दै सबैमा शान्ति, प्रेम, विश्वास र एकता लागि परमेश्वरसँग प्रार्थना गर्दछौं ।**

## नेपाल ख्रीष्टियन हेराल्ड परिवार

प्रेरणा मण्डली परिवार

नेपाल पास्टर फेलोसिप

ग्रेस एकेडेमिक कन्सल्टेन्सी परिवार

समर्पण आमा-दिदीबहिनी प्रार्थना सङ्गति

पिप्ले मण्डली परिषद्, चितवन परिवार

ACTS नेपाल परिवार

# पाँचवटा मुकुटहरू (The Five Crowns)

Vol. 78, No. 11 (935)

हाम्रो प्रभुको आगमन हुँदा पाँचवटा फरक मुकुटहरू हामीलाई दिइने छ, हरेक फरकफरक कार्यको निम्ति । "रोप्ने र पानी हाल्ने एकै समान हुन् । हरेकले आफ्ना - आफ्ना मेहनेतअनुसार आफ्नो ज्याला पाउने छ ।" (१ कोरिन्थी ३ : ८)

**१. आनन्दको मुकुट**

आनन्दको मुकुट आत्मा जित्नेहरूको इनाम हो । "हाम्रा प्रभु येशू जब आउनुहुन्छ, त्यस बेला उहाँको सामुन्ने हाम्रो आशा वा आनन्द वा गर्वको मुकुट तिमीहरू नै होइनौ र ?" (१. थेसलोनिकी २ : १९)

पावल थेसकोनिकी गए र तिन सतावट दिन प्रचार गरे । अन्त्यमा उनलाई धेरै सतावट दिएर थेसलोनिकीबाट निकाला गरियो । तर धेरै मानिसहरू बचाइए । मैले पाएको यो दुख चाहिँ ख्रीष्टको दोस्रो आगमनमा खुसीको मुकुट हुनेछ भने र पावलले भने ।

हाम्रो आफ्नो मुक्तिको खुसीपछि अरूलाई परमेश्वरमा डोऱ्याउनुको आनन्द आउँछ । यो आनन्द यहाँ मात्र नभई अनन्त सम्म पुग्छ ।

**२. धार्मिकताको मुकुट**

"किनभने म त बलिको रूपमा अर्पण हुन लागेको छु र मेरो बिदाइको बेला आएको छ । मैले उत्तम लडाइ लडेको छु । मैले दौड सिध्याएको छु । मैले विश्वासलाई बाचाइराखेको छु । अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जो धार्मिकताको न्यायाधीश प्रभुले त्यस दिन मलाई दिनु हुनेछ र मलाई मात्र होइन तर उहाँको पुनरागमन प्रिय मान्नेहरू सबैलाई दिनु हुनेछ ।" (२ तिमोथी ४ : ६ - ८)

धार्मिकताको मुकुट उहाँको पुनरागमनलाई मनपराउनेहरूको इनाम हो । पावलले दाया-बायाँ नहेरी परमेश्वरको वचन निरन्तर पछि लागे । जे कुरा विश्वास गर्न सकिन्छ त्यही कुरा उनले प्रयोगमा उनको पुनरागमन प्रिय मान्नेहरू सबैलाई । धार्मिकताको मुकुट दिइनेछ ।

**३. महिमाको मुकुट**

"र जब मूल गोठालो प्रकट हुनुहुनेछ, तब तिमीहरूले महिमाको नओइलाउने मुकुट प्राप्त गर्नेछौ ।" (१ पत्रुस ५ :४)

महिमाको मुकुटचाहिँ पास्टर र अगुवा जसले उहाँको असल भेडाहरूको बगालको काम गर्छ, तिनीहरूका निम्ति इनाम हो । अहिले केही सानो इनाम प्राप्त होला तर ठूलो इनामचाहिँ मूल गोठालो प्रकट भएपछि प्राप्त हुन्छ । यो चाहि नम्र सेवा हो र जसले नम्रपूर्वक सेवा गर्छ त्यसलाई मुकुट दिइने छ ।

**४. अविनाशी मुकुट**

"के तिमीहरूलाई थाहा छैन, दौडमा दगर्नुहरू सबै दगुर्छन् तर इनामचाहिँ एउटाले मात्र पाउँछ ? तिमीहरू इनाम प्राप्त गर्ने किसिमले दौड खेलमा भाग लिने खेलाडी सबै थोकमा आत्मसंयमी हुनुपर्छ । तिनीहरू नष्ट भएर जाने मुकुट पाउन यसो गर्दछन् तर हामीचाहिँ अविनाशी मुकुट पाउन यसो गर्दछौँ । यसकारण लक्ष्य नराखी म दगुर्दिन । हातामा मुक्का हान्नेले जस्तै म मुक्का हान्दिन तर म आफ्नो शरीरलाई कठोरसाथ सघाउँछु र यसलाई वशमा राख्तछु, नत्रता अरूहरूलाई प्रचार गरेपछि म आफैचाहिँ अयोग्य ठहरिनेछु ।" (१ कोरिन्थी ९ : २४ - २७)

प्रेरित पावलले आफूलाई दौडमा दगर्नेहरूसँग तुलना गरेका छन् । उनले खाँदै र पिउँदै सरल जीवन बिताउन सक्थे । पावलले धेरै कुराहरूमा आफैमा इन्कार गरे, उनले इनामको प्रतिक्षा गरे तर मानिसले दिने इनाम होइन । उनको इनाम अविनाशी मुकुट हो ।

**५. जीवनको मुकुट**

दुई फरक परिस्थीतिमा जीवनको मुकुट प्राप्त गर्न सकिन्छ । पहिलोचाहिँ अन्तिम स्वाससम्म विश्वासयोग्य बन्नुपर्ने र अर्कोचाहिँ हरेक परीक्षामा स्थिर रहनेले पनि जीवनको मुकुट प्राप्न गर्न सक्छ । "तिमीले भोग्नै लागेका कष्टहरूसँग नडराओ । हेर, दियाबलसले तिमीहरूमध्ये कतिलाई तिमीहरूका जाँचको निम्ति कैदमा हाल्न आटेको छ, र तिमीहरूलाई दसै दिन कष्ट हुनेछ । तिमी मृत्युसम्मै विश्वासी होओ, र म तिमीलाई जीवनको मुकुट दिनेछु ।" (प्रकाश २ : १०) "त्यो मानिस धन्यको हो, जो अपत-विपतमा स्थिर रहन्छ, किनकि जाँचको सामना गरिसकेपछि त्यसले जीवनको त्यो मुकुट पाउनेछ, जो परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूलाई दिने प्रतिज्ञा गर्नुभएको छ ।" (याकूब १:१२) परीक्षाले संसारमा पाप ल्यायो । त्यसैले परीक्षामा स्थिर हुँदा जीवनको मुकुट पाउन सकिन्छ ।

यी मुकुटहरूद्वारा के हुन्छ ? "तब ती चौबीस जना धर्म-गुरुहरू सिंहासनमा विराजमान हुनुहुनेको सामुन्ने घोप्टो पर्दछन् र सदासर्वदा जीवित रहनुहुनेलाई दण्डवत् गर्दछन् र तिनीहरूका आफ्ना-आफ्ना मुकुट सिंहासनको सामुन्ने राखेर यसरी गाउँछन्- हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए र तिनको सृष्टि भयो ।" (प्रकाश ४ : १० : ११) यो परमेश्वरमा बाटको आनन्दपूर्ण मुकुट लगाउने मौका हो जुन उहाँको चरणमा सम्पूर्ण मुकुटहरू अति नै स्वभाएमान हुन्छन् ।

# उहाँको दोस्रो आगमन - पवित्र जीवन जिउन प्रोत्साहन

## The Second Coming – Incentive to Holy Living

पवित्र धर्मशास्त्रले येशू ख्रीष्टको दोस्रो आगमनको बारेमा सात प्रकारको धारणाहरू प्रस्तुत गर्दछ ।

१. **पश्चाताप-** "किनकि जुन किसिमले हाम्रो स्वागत तिमीहरूकहाँ भयो, अनि जीवित र साँचो परमेश्वर को सेवा गर्न तिमीहरू मूर्तिहरूबाट परमेश्वरतर्फ फर्क्यौ, सो त मानिसहरूले नै बताउँछन् । अनि स्वर्गबाट आउनुहुने उहाँका पुत्र जसलाई उहाँले मृतकबाट उठाउनुभयो, उहाँकै प्रतिक्षा तिमीहरू गर्दछौ, अर्थात्, येशूको जसले आउन लागेको क्रोधबाट हामीलाई छुटकारा दिनुहुन्छ ।" (१ थेसलोनिकी १ : ९ - १०)

२. **आशा-** "हाम्रा प्रभु येशू जब आउनुहुन्छ, त्यस वेला उहाँको होइनौ र ?" (थेसलोनिकी २ : १९)

३. **दोषरहित-** "यस हेतुले कि उहाँका सबै सन्तहरूका साथमा हाम्रा प्रभु येशू ख्रीष्टको पुनरागमन हुँदा उहाँले हाम्रा परमेश्वर पिताको सामुन्ने तिमीहरूका हृदय पवित्र र निष्खोट तुल्याई स्थिर गराउन् ।" (१ थेसलोनिकी ३ : १३)

४. **सान्त्वना-** "तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौ र यसरी हामी सधैं प्रभुसँग रहनेछौ । यसैकारण एउटाले अर्कालाई यी वचनद्वारा सान्त्वना देओ ।" (१ थेसलोनिकी ४ : १६ - १७)

५. **शुद्ध पार्नु-** "शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याउन् र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहुन् ।" (१ थेसलोनिकी ५ : २३)

६. **स्थिरताः** "भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टका आगमनको विषयमा र उहाँलाई भेट्न हामी एकसाथ भेला हुने विषयमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं कि सबै अगमवाणी वा वचन वा कुनै पत्रले प्रभुको दिन नजिक आएको छ भनी बतायो भने, ती हामीबाट आउका भन्ठानेर तिमीहरूको मन चाँडै विचलित नहोस् अथवा तिमीहरू नआत्तिओ ।"(२ थेसलोनिकी २ : १ - २)

७. **धैर्य-** "प्रभुले तिमीहरूका हृदयलाई परमेश्वरको प्रेम र ख्रीष्टको धैर्यतिर डोऱ्याऊन् ।" २ (थेसलोनिकी ३ : ५)

## प्रार्थना गरौं

- राष्ट्रिय ख्रीष्टियन महासंघ सबै ख्रीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका ख्रीष्टियनहरुका बीचमा एकता आइरहोस् ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकेका हुन् ।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- चेलिबेटी बेचबिखन, मानव तस्करीलगायतका मानवताविरोधी घटनाहरूमा कमी आएको होस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)


## विशेष धन्यवाद

**पा. माधव पौडेल, एल्डर रामचन्द्र पौडेल, रुबी पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।**


## स्थानीय वितरक

**नवीन/सरला ढुङ्गाना तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, जनक कँडेल तथा आशिष / एस्टर कुमाल, टोकियो, जापान, विदुर परियार, दार्जीलिङ, भारत, सागर श्रेष्ठ, दुबई, सुमन शाक्य, बिरु गुरुङ तथा केदार तामाङ, मलेसिया, पावल राई, कतार, सी.पी. लोप्चन, काठमाडौं, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौं ।**

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

**G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal**

**E-mail: nepalherald@yahoo.com**

**Phone No:- 2090221, 4382442**

**Published by: Gospel Revival Inc. (all rights reserved)**

**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Shanti Poudel**

**Editor: Nava Raj Panta**

**website: www.nepalherald.blogspot.com**